# स्थानीय राजपत्र


**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ६) घ्याङलेख, पुस १३ गते, २०७९ साल (अतिरिक्ताङ्क १६


## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ साल कार्यविधि नं. १२**


घ्याङलेख गाउँपालिका

# घ्याङलेख गाउँपालिकाको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्य संञ्चालन सम्वन्धी कार्यविधि २०७९

**प्रस्तावना:** स्थानीय स्तरको विभिन्न जातजाति र समुदायको लोक संगीत, भाषा, संस्कृति र ललितकलाको संरक्षण एवं संवर्धन गर्न स्थानीय स्तरका पुरातात्विक धार्मिक महत्वका सम्पदाहरुको संरक्षण, सम्भार, प्रवर्धन र विकास तथा परम्परागत जात्रा पर्वहरुको संचालन र व्यवस्थापन गरी नागरीकको हक हितको संरक्षण र संवर्धन गरी भाषा, संस्कृति र ललितकलाको माध्यमबाट गाउँपालिकाको ऐतिहासिक महत्व पुरातात्विक वास्तुकला वा संस्कृतिको संरक्षण तथा परम्परागत जात्रा पर्वहरुको सञ्चालनले आपसी सदभावको वृद्धि विकास हुन गई धार्मिक पर्यटन विकासमा सहयोग पुऱ्याउदै सक्षम र अनुशासित नागरीक तयार गरी प्रचलित कानून विरुद्धका कुरिती र कुसंस्कार विरुद्धमा समाजलाई परिचालन गर्न भाषा,संस्कृति र ललितकलाको संरक्षण र विकास गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ र अनुसूची ८ को २२ ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ को “फ” लाई केन्द्रित गरी सो ऐनको दफा १०२ वमोजिम घ्याङलेख गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१। **संक्षिप्त नाम र प्रारम्भ :** क) **घ्याङलेख गाउँपालिकाको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्य संञ्चालन सम्वन्धी कार्यविधि, २०७९** रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२। **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **“संविधान”** भन्नाले नेपालको संविधान २०७२ संम्झनु पर्दछ ।

ख) **"गाउँपालिका"** भन्नाले घ्याङलेख गाउँपालिक सम्झनु पर्छ ।

ग) **"गाउँ सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँ सभा सम्झनुपर्छ ।

घ) **"कार्यपालिका"** भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ ।

ङ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

च) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

छ) **"विधेयक"** भन्नाले स्थानीय कानुनको मस्यौदा वा कानुनको संसोधन समेत सम्झनुपर्छ ।

ज) **"सदस्य"** भन्नाले कार्यपालिकाको सदस्य सम्झनुपर्छ ।

झ) **"भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास समिति"** भन्नाले दफा ११ वमोजिमको गठन भएका **भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास समिति** सम्झनुपर्छ ।

ञ) **"संगीतप्रेमी"** स्थानीय स्तरमा संगीतको क्षेत्रमा कम्तिमा विगत ५ वर्ष देखि यस गाउँपालिकामा काम गरेको व्यक्ति सम्झनुपर्छ ।

ट) **"प्रमख प्रशासकीय अधिकृत"** भन्नाले घ्याङलेख गाउँपालिकाको प्रमुख प्रशासकी अधिकृत लाई सम्झनुपर्छ ।

ठ) **"प्रशिक्षक"** भन्नाले स्थानीय संगीत प्रशिक्षक वा भाषा, धर्म, संस्कृति र ललितकलाको संरक्षण र विकासमा काम गरेको अनुभवी र अनुभव पत्र वा प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ ।

ड) **"संगीत"** गायन, नृत्य भन्नाले वाद्य, वाधकलाई समेत सम्झनुपर्छ ।

घ्याङलेख गाउँपालिका

## परिच्छेद-२

## समितिको उद्देश्य

३। **समितिको उद्देश्य :** घ्याङलेख गाउँपालिकाको लोक संगीत, भाषा, संस्कृति, धर्म र ललितकलाको संरक्षण, संवर्धन र विकास गर्नु यस समितिको मुख्य उद्देश्य हुनेछ ।

४। समितिको निर्णयानुसार स्थानीय ललितकला, लोक, लय, भाकाको सम्मान र संरक्षण गर्न विभिन्न वृत्तचित्र, नाटक, संवाद तथा संगीत मार्फत संस्कार तथा कुसंस्कार उजागर गर्न तत्पर हुने ।

५। समितिले व्यक्ति सरह करार गर्न, नालिस दिन, अधिकारको उपयोग गरी स्थानीय विज्ञ नभए अन्य स्थानबाट ल्याउन, लान वाधा हुनेछैन ।

## परिच्छेद -२

## समितिको गठन तथा काम,कर्तव्य र अधिकार

६। **समितिको गठनः**

१) भाषा, संस्कृति, स्थानीय संगीत र ललितकलाको संरक्षण र विकास समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) कलाको क्षेत्रमा काम गर्ने व्यक्तिहरु मध्ये गाउँपालिका अध्यक्षले मनोनित गरेका -१ जना (अध्यक्ष)

ख) गाउँपालिका अध्यक्षले तोकेको एक दलित महिला सदस्य सहित -सदस्य २ जना

ग) कार्यपालिकाले तोकेको -सदस्य १ जना

घ) लोक संगीत, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्वन्धी काम गर्ने संघ/संस्थाको प्रतिनिधि -सदस्य १ जना

ङ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

च) सामाजिक विकास शाखा हेर्ने कर्मचारी -सदस्य सचिव

२) संम्भव भए कलाको क्षेत्रमा काम गर्ने व्यक्तिहरु मध्ये भाषा, संस्कृति, स्थानीय संगीत र ललितकलाको संरक्षण र विकासमा काम गरेको स्थानीय स्तरको व्यक्ति लाई प्रशिक्षक नियुक्त गरीनेछ ।

३) उपदफा २ बमोजिम नियुक्त भएका प्रशिक्षकले नेपाल सरकारको न्यूनतम पारिश्रमिक स्केल अनुसारको सुविधा पाउने गरी कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले नियुक्त गर्न सक्नेछन ।

४) उपदाफ ३ बमोजिम नियुक्त भएका प्रशिक्षकको काम, कर्तव्य र अधिकार दफा ८ अनुसार हुनेछ ।

५) उपदफा १) को खण्ड ख, ग, घ, वमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

६) मनोनित सदस्यको स्वच्छ छवी तथा कानुन अनुसार अयोग्य घोषित नभएको हुनु पर्ने छ । साथै निजको पदावधि ४ वर्षको हुनेछ ।

७) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको भनी गाउँ कार्यपालिकाले निर्णय गरेमा निजलाई जुनसुकै वखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

८) उपदफा ४ वमोजिम मनोनित सदस्यहरुलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

७। **समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) स्थानीय तहमा भाषा लिपी, संस्कृति, सांस्कृतिक सभ्यता, संम्पदाको सर्म्वधन, ललितकलाको संरक्षण र विकास सम्वन्धी स्थानीय स्तरको दिर्घकालिन नीति तर्जुमा गरी गाउँ सभामा पेश गर्ने ।

ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रहि भाषा संस्कृति, ललितकलाको संरक्षण र विकास सम्बन्धी योजना तथा कार्यक्रम बनाई गाउँ कार्यपालिकाको निर्देशन वमोजिम लागू गर्ने ।

ग) जातिय संस्कारजन्य चाडवाड, मेलापर्व विशेष शुभकामना, सदभाव, धार्मिक सहिष्णुता झल्कने सन्देश मुलक कार्यक्रम आयोजना गर्ने ।

घ) समितिसंग आवद्धता प्राप्त गर्ने संघ संस्थाहरुले पालना गर्नुपर्ने सर्तहरु निर्धारण गर्ने ।

ङ) स्थानीय स्तरको लोक संगीत, भाषा, लिपि, संस्कार अनुसारको संस्कृति झल्कने गरी संम्भव भए सम्म स्थानीय स्रोतबाट कार्य गर्न तयारी, प्रशिक्षण जस्ता कार्य गर्ने ।

च) स्थानीय नागरिकलाई भाषा, संस्कृति र ललितकलाको संरक्षण, संवर्धन र विकास केन्द्रित भई अघि वढ्न उत्प्रेरित गरी सव्य समाजको कल्पना अनुरुप कार्य गर्ने गरी व्यवस्था मिलाउने ।

छ) समितिको बार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ज) भाषा,संस्कृति र ललितकलाको संरक्षण, संवर्धन र विकास गर्ने साथै गाउँपालिका स्तरीय  बोल्ने प्रतिभाको कार्यक्रम समय समयमा प्रतियोगिता तथा मञ्चनको आयोजना गरी गर्ने ।

झ) धार्मिक पर्यटनको वृद्धि विकास गर्नलाई स्थानीय तहमा भाषा, लिपी, संस्कृति, सास्कृतिक सभ्यता र सम्पदा संवर्धन गर्ने भेला तथा महोत्सवको आयोजना गर्ने ललितकला सम्वन्धमा प्रचार गर्ने गराउने, पुस्तक, पर्चा, स्लाइड, लोक तथा दोहोरी प्रतियोगिता, चलचित्र वा भिडियो आदिको लेखन वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहन गर्ने ।

ञ) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको लागि कानूनले तोकिए बमोजिम अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

८। **प्रशिक्षकको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।**

क) सवै नयाँ पुस्ता विद्यालयमा जोडिएकाले पालिका स्तरीय स्थानीय संगीतको संरक्षण गर्ने साप्ताहिक कार्यतालिका अनुसार अभ्यास तथा कक्षा सञ्चालन गने ।

ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रहि भाषा संस्कृति, ललितकलाको संरक्षण र विकास सम्वन्धि योजना तथा कार्यक्रम समितिको निर्णयानुसार संचालन गर्ने

ग) जातिय संस्कारजन्य चाडपर्व, मेलापर्व विशेष शुभकामना, सदभाव, धार्मिक सहिष्णुता झल्कने सन्देशमुलक कार्यक्रम आयोजनाका लागि स्थानीय जनशक्ति तयार गर्ने ।

घ) अनुशासित भई समितिको निर्देशन पालना गर्ने ।

ङ) स्थानीय स्तरको लोक संगीत, भाषा, लिपि, संस्कार अनुसारको संस्कृति झल्कने गरी संम्भव भए सम्म स्थानीय स्रोतबाट कार्य गर्न तयारी, प्रशिक्षण जस्ता कार्य गर्ने ।

च) स्थानीय नागरिकलाई भाषा, संस्कृति र ललितकलाको संरक्षण, संवर्धन र विकासमा केन्द्रित भई अघि वढ्न उत्प्रेरित गरी सभ्य समाजको कल्पना अनुरुप कार्य गर्ने गरी व्यवस्था मिलाउने ।

छ) समितिको निर्देशन अनुसार वडा तथा टोलस्तरीय विषयगत समिति वनाउने ।

ज) प्रत्येक विद्यालयमा भाषा, संस्कृति र ललितकलाको संरक्षण, संवर्धन र विकासको लागि विद्यालय स्तरिय समिति गठन गरि परिचालन गर्ने ।

झ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

घ्याङलेख गाउँपालिका

९। **समितिको कोष :** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहने छन् :

क) गाउँपालिकाबाट प्राप्त रकम

ख) जिल्ला समन्वय समितिबाट प्राप्त रकम

ग) सङ्घीय सरकारबाट प्राप्त रकम

घ) भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी जात्रा महोत्सव लगायत विविध कार्यक्रम सञ्चालन गरी आर्जन भएको रकम ।

ङ) कुनै व्यक्ति वा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाले सहायोग स्वरुप प्रदान गरेको रकम

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम

२) उपदफा (१) को खण्ड ग मा उल्लेख भए बमाजिम रकम निकासा नभएमा उक्त रकम यस घ्याङलेख गाउँपालिकाबाट नै व्यहोर्ने ।

३) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

४) समितिको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा अन्य कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

५) सो खाता घ्याङलेख गा.पा र समितिको संयुक्त दस्तखतबाट संचालन हुने गरी संयुक्त नाममा खोलिनेछ ।

१०। **लेखा र लेखा परीक्षण :-** (१) समितिको आय व्ययको लेखा तोकिएबमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण घ्याङलेख गाउँपालिकाको आन्तरिक लेखा परीक्षक तथा महालेखा परीक्षकलाई समेत परीक्षण गराउनु पर्नेछ ।

(३) गाउँपालिकाले समितिको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी जिन्सी समेत जुन सुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

घ्याङलेख गाउँपालिका

**११. सदस्यहरुको भत्ता :** (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउने छन ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा गाउँपालिकाको नियमानुसार तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन ।

**१२. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्ने छ । तर दुई बैठक बीचको अन्तर सामान्यतया तीन महिना भन्दा बढी हुने छैन ।

(२) समितिका बैठक अध्यक्षको निर्देशनमा सचिवले तोकेका मिति समय र स्थानमा बस्नेछ ।

(३) समितिका बैठक हुनु भन्दा कम्तिमा ३ दिन अगावै बैठकमा छलफल हुने विषयका कार्यसूची सहितको सूचना समितिका सदस्यहरुलाई दिनेछ ।

(४) समितिमा तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याका ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ । निजहरुको अनिवार्य उपस्थिति देखिनु पर्ने छ

(५) समितिको बैठको अध्यक्षता अध्यक्षले निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षको हस्ताक्षर गरी सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले आबश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा गाउँपालिकाको पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**परिच्छेद-४**

**विविध**

**१३. समितिको काम र कर्तव्य :-** देहाय बमोजिम गर्नु समितिको काम र कर्तब्य हुनेछ ।

क) स्थानीयतहमा भाषा, लिपी, संस्कृति साँस्कृतिक सभ्यता लोक संगीत र सम्पदा संवर्धन ललितकलाको संरक्षण र विकास गर्ने ।

ख) स्थानीय स्तरका पुरातात्विक धार्मिक महत्वका सम्पदाहरुको संरक्षण र विकास तथा पुरातत्व, प्राचिन स्मारक र संग्रहालयको स्थापना मर्मत र सम्भार संवर्धन र विकास योजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्ने ।

(ग) परम्परागत जात्रा पर्वहरुको सञ्चालन र व्यबस्थापन गरी धार्मिक पर्यटन विकासमा सहयोग पुर्‍याउन र प्रचलित कानून विरुद्धका कुरीति र कुसंस्कार विरुद्धमा समाजलाई परिचालन गर्ने ।

(घ) स्थानीय तहमा भाषा, लिपी सांस्कृतिक सभ्यता र सम्पदा संवर्धन, ललितकला, धार्मिक ऐतिहासिक साँस्कृतिक महत्वका मठ, मन्दिर, पाटि, पौवा, धारा, वन, जङगल, पानी पधेरोसमेतको संरक्षण र विकासको क्षेत्रमा स्थानीय नागरिक परिचालन गर्ने ।

(ङ) स्थानीय नागरिकलाई भाषा, संस्कृति र ललितकलाको संरक्षण, संवर्धनकोलागि उत्प्रेरित गर्ने रेखदेख गर्ने ।

ङ) अन्ध विश्वास, महिला हिँसा, जातीय बिभेद, छुवाछुत विरुद्धको अभियानमा सहभागी हुने ।

च) सामाजिक, साँस्कृतिक, आर्थिक रुपान्तरणका कार्यमा योगदान दिने ।

**१४) कार्यक्रम सञ्चालन गर्ने :** अन्य ऐन कानुन तथा कार्यविधि बमोजिम समितिले विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**१५) भाग लिन नहुने :** यस समितिका कुनै सदस्य वा पदाधिकारीले समितिको ठेक्का पट्टा लिन वा आफ्नो नीजि स्वार्थ भएका कुनै काम कुरामा भाग लिन हुँदैन ।

**१६) वार्षिक प्रतिबेदन :** (१) समितिले आफूले वर्ष भरि गरेका कामको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) वडा समितिले आफूले वर्ष भरि गरेका कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र समितिसमक्ष पेश गर्नुपर्ने छ ।

(३) समितिले आफूले वर्ष भरि गरेको कामको वार्षिक, चौमासिक प्रतिवेदन सम्बन्धित गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुरको अतिरिक्त समिति र वडा समितिले वर्ष भरिमा सम्पादन गरेको कामहरु र तिनको उपलब्धी त्यस्ता कामका लागी गरेका खर्च समितिको कोषको प्रथम स्रोत साधनको अवस्था समितिबाट भएका अन्य काम कारवाही तथा यस क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेतको विवरण उल्लेख गर्नुपर्नेछ ।

(५) समितिले आफूलाई प्राप्त स्रोत साधन सम्पदान गरेका कार्य र तिनका उपलब्धी एबं गरेका अन्य काम कारवाहीका विवरण सर्वसाधरणको जानकारीका लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्नेछ ।

**१७. निर्देशन दिन सक्ने :**

१) गाउँपालिकाले समितिको काम कारवाही तथा सुधारका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

**१८. अधिकार प्रत्यायोजनः** १) समितिले यो ऐन वा यस ऐनअन्तर्गत वनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केहि अधिकार समितिका अध्यक्ष वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यो ऐन वा ऐनअन्तर्गत वनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिका अध्यक्ष, कुनै सदस्य, सदस्य सचिव वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. शपथः** समितिका पदेन सदस्य वाहेक अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।

**२०. समितिको विघटन :** (१) समितिले यस कार्यबिधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा स्थानीय निकायले जुनसुकै बखत समिति विघटन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा समितिको चल अचल सम्पति गाउँपालिका वा नेपाल सरकारको हुनेछ ।

**२१. विनियम बनाउने अधिकार :** (१) यो कार्य विधि वा यस अर्न्तगत बनेको नियमको अधीनमा रही समितीले आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम आर्थिक व्यय भार पर्ने विषयमा विनियम बनाउँदा समितिले गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

**२२. कार्यबिधिको संशोधन व्याख्या तथा वचाउ :**

(क) यो कार्यविधिको संशोधन गाउँ सभाको वहुमतबाट गरिनेछ ।

(ख) यो कार्यविधिको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

(ग) यसमा उल्लेखित कुराबाहेक अन्य काम कुरा गर्नु पर्ने भएमा स्थानीय निकायको कानून बमोजिम हुनेछ ।

(घ) यो कार्यविधिमा उल्लेखित विषय संविधान वा अन्य कानूनसँग वाभिfएको अवस्थामा वाभिfएको हद सम्म अमान्य हुनेछ ।

**प्रमाणीकरण मिति :- २०७९।१२।२६**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका